# “सुन्दर, शान्त र समृद्ध ठाँउ, कुशे गाउँपालिकाको शान
# विकासका पूर्वाधार निर्माण गर्ने हाम्रो अभियान ।”

कुशे गाउँपालिकाको चौथो गाउँसभाका प्रमुख अतिथि, विशेष अतिथि,
उपस्थित सम्पुर्ण अतिथिगण, गाउँ सभाका सदस्यहरु, राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकार साथीहरु, नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न कार्यालय तथा संगठनबाट पाल्नु भएका प्रतिनिधिहरु एवं विभिन्न तह र क्षेत्रबाट पाल्नु भएका विद्धत वर्ग,
सम्पुर्ण कर्मचारीहरु तथा
उपस्थित बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

नेपालको संविधान जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, २०६२।६३ को जनआन्दोलन, विभिन्न समयमा भएका  आन्दोलनहरु एवं दुईपटकसम्म भएको संविधानसभाको निर्वाचनबाट जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी गरी सकेर हाल कार्यान्वयनको अवस्थामा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई अक्षरसः पालना गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भईसकेर आज हामी कुशे गाउँपालिकामा स्थानीय सरकारको रुपमा कार्य सञ्चालन गरेको पनि एक वर्ष भई सकेको छ । स्थानीय सरकारमा रही यो कार्यक्रममा दोस्रो पटक वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षविभोर भएको छु । देशलाई यस स्थितमा ल्याइपुर्याउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई स्मरण  गर्न चाहन्छु साथै उहाँहरुको उच्च योगदानको सम्मान गर्न चाहन्छु । संघीयता र स्थानीय सरकार मार्फत आफ्नो गाउँ तथा समाजको विकास गर्ने  जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,
अव मा यस कुशे गाउँपालिकाको चालु अर्थिक वर्षको समिक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु :

- यस कुशे गाउँपालिकाका मा.वि.र नि.वा.वि गरी जम्मा १८ वटा विद्यालयहरुमा विद्युतीय हाजिरी जडान गरी विद्यालय सुधार कार्यक्रम अगाडी वढाईएको छ र साथै सवै विद्यालयमा विद्युतीय हाजिरी जडान गर्ने नीति अवलम्वन गरेको छु ,
- यस गाउँपालिकाका वडा कार्यलयहरुमा सडकको  पहुंच पुर्‍याउने नीति अनुरुप आठ वडा कार्यालयमा सडकको पहुंच पुगेको छ जसमा कुल ८० किलोमिटर माथी निर्माण गरीएको र वाँकी १ वडाम आगामी वर्षमा सडक पुर्‍याउने नीति लिएको छु ,

- यस कुशे गाउँपालिकाका ८ वटै वडाका जनता हरुलाई सरल  स्वास्थ्य सूविधा उपलब्ध गराउनको लागी सामुदायिक स्वाव्थ्य ईकाई भवन निर्माण गरीएको छ ,सो कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिने नीति लिएको छु ,
- यस गाउँपालिकाका कृषिक हरुलाई कृषी सम्वन्धि सूलभ सेवा प्रवाह गर्नको लागी सातवाट कृषि भवन निर्माण गरीएको छ , आगामी वर्षमा कृषि कार्यलाई वजारमुखी र व्यवसायिक मुखि वनाउन ब्लक ,जोन,पकेट, कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरीएको छ ,
- यस गाउँपालिकामा रहेका स्वास्थ्य सेवा वट वञ्चित दिर्घ रोगी असहाय ,विपन्न तथा पछाडी परेका व्यक्तिहरुका लागी समय समयमा स्वस्थ्य सिविर सञ्चालन गरी रोगको पहिचान गरी उपचारको लागी आर्थिक साहायता दिने कार्य गरीएको ,
- चालु आ.व.मा जोखिममा परेका  विरामी हरुको जिवन रक्षाको लागी त्यस्ता विरामीको आपतकालीन उद्धार गरी जिवन रक्ष गर्ने कार्य गरीएको ,
- यस गाउँपालिका अर्न्गातको न्ययिक समितिवाट घरेलु हिंसा संग सम्वन्धित जनचेतनमुलक कार्यक्रम  सञ्चालन गरी नयाय सम्वन्धि चेतन मुलक कार्यक्रम अगाडी वढाईयको ,
- यस गाउँपालिकाका विद्यालयमा भौतिक सुधार गर्न १६ वटा ब्लक र मर्मत सुधारको लागी रु एक करोड रुपैया विनियोजन गरी विद्यालयको भौतिक सूधार कार्यक्रमलाई प्रभावकारी वनाईएको छ ,
- कानुनी राज्य  सञ्चालनको भावना र मर्म वमोजिम स्थानीय सरकार सञ्चालन गर्नको लागी आवश्यक विभिन्न ऐन ,नियम तथा कार्यविधि निर्माण गरीएको छ ,
- चालु आ.व.मा लक्ष्य अनुसारको राजस्व संकलन नभएको हुंदा उक्त लक्ष्य पुरा गर्न यस गाउँपालिकाको राजस्व संकलन नीतिलाई व्यवहारीक वनाइएको छ ।

अव म यस कुशे गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## *पूर्वाधार तथा संरचना विकास :*

१. आवधिक गाउँ विकास योजना, Town Planning, भू-उपयोग योजना, प्रकोप व्यवस्थापन योजना, भवन निर्माण मापदण्ड, गाउँ यातायात गुरुयोजना एवं महत्वपूर्ण योजनाको डि.पी.आर. तयार गरी कार्यान्वयनमा ल्याईने छ ।

२. वडा समितिको सिफारिश तथा गाउँ कार्यपालिकाबाट पेश भै आएका योजनाहरुलाई प्राथमिकता एवं सम्भाव्यता अध्ययन र लाभान्वित वर्गको आधारमा कार्यान्वयन गरिनेछ ।

३. गाउँपालिकाको केन्द्र र अन्य वडाका टोल वस्तीहरु जोडने सडक निर्माणलाई प्राथमिकता दिइनेछ ।

४. गाउँ क्षेत्र भित्रका अधुरा र क्रमागत योजना पूरा गर्ने कार्यलाई पहिलो प्राथमिकता दिईने छ।

५. अन्य निकायसँगको साझेदारीमा गाउँको विकास गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

६. ऐतिहासिक एवं धार्मिक, साँस्कृतिक महत्वका मठ मन्दीर हरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

७. आयोजना स्थलमा योजना सम्बन्धी जानकारी गराउन अनिवार्य रुपमा होर्डिंग बोर्ड राख्न लगाईनेछ ।

८. गाउँपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरुलाई सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफारिश गरी पठाईनेछ ।

९प्रत्येक बर्ष उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत र सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

१०.प्रत्येक वडाका सडक, खानेपानी, बिजुली र फोहोर व्यवस्थापन गर्न ठोस योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।

११.पुरानो सडकलाइ क्रमशः सुधार गरि सडक चौडा गर्ने, ढल तथा नालाको व्यवस्था गरिनेछ ।

१२.गाउँको सवै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिंचाई एवं अन्य पूर्वाधार निर्माणको DPR तयार गरि व्यवस्थित रुपमा कार्य गरिनेछ ।

१३.पूर्वाधारका कार्यक्रम संचालन गर्दा अपाङ्गमैत्री, बालमैत्री,वातावरण मैत्री मापदण्ड बमोजिम गरिनेछ ।

१४.वडा कार्यालयको भवन नभएको ठाँउमा क्रमशः वडा कार्यालय भवनको निर्माण गरिनेछ ।

१५.नयाँ नापी गराई वाटोलाई लगत कट्टा गरी सार्वजनिक वनाईनेछ ।

***जनसंख्या तथा सामाजिक विकास :***

१. गाउँपालिका भित्र संचालित विभिन्न तहका विद्यालय तहमा नेपाल सरकारले हालसम्म विद्यालय संचालन अनुमति दिएको तर शिक्षक दरवन्दी नदिएको विभिन्न विद्यालयहरुमा गाउँपालिका आन्तरिक स्रोतबाट तलव भत्ताको व्यवस्था हुने गरी शिक्षक व्यवस्था गरिनेछ ।

गाउँपालिका उज्यालो अभियान संचालन गरिनेछ । गाउँपालिका भित्रका कुनै पनि पढने विद्यार्थीलाई अध्यारोमा बस्ने अवस्थाको अन्त्य गरिनेछ ।

यस गाउपालिकामा प्रथम अध्यक्ष छात्रवृति कोष स्थापना गरी गा. पा. भित्रका जेहन्दार, गरिब र  अति विपन्न बिद्यार्थी लाई मापदण्ड बनाई छात्रवृति वितरण

गरिनेछ । साथै पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान संग सम्झौता गरी एक जनालाई एम.वि.वि.एस. अध्ययन गराउने ब्यवस्था मिलाइने छ ।

जनस्तरबाट सञ्चालित सामुदायिक क्याम्पस एवं विद्यालयहरुलाई गाउँपालिकाबाट अनुगमन गरी आवश्यक सहयोग गर्ने नीति लिईनेछ । युवा तथा खेलुकद विकासको लागि अध्यक्ष कप प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
बेरोजगार युवाहरुको लागि स्वनिर्भरता अभिवृद्धिको लागि विशेष कार्यक्रम ल्याइनेछ ।
युवाहरुलाई विपद् पूर्व तयारी तथा सूचना प्रणाली, उद्धार, राहत र पुनःर्स्थापना सम्बन्धी तालिम प्रदान गरी परिचालन गरिनेछ ।
युवाहरुलाई जैविक विविधता र वातावरण संरक्षण शिक्षा प्रदान गरी वातावण दुतका रुपमा परिचालन गरिनेछ ।
सामाजिक विसंगति, असुरक्षा, विभेद, निरक्षरता, भेदभाव र हिंसाका विरुद्ध अभियानमा युवा नेतृत्वको प्रवर्द्धन गरिनेछ ।

२. खेलकुदको स्तर विकास गर्न गाउँक्षेत्रका खेलाडीहरुलाई प्रोत्साहनको लागि गाउँपालिकाबाट सम्मान तथा पुरस्कृत गरिनेछ साथै गाउँपालिका भित्रका विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने प्रभुत्व ब्यक्तिहरुलाई पुरस्कृत, सम्मान गरिनेछ ।
३. सबै वडाहरुमा टोल विकास संस्था गठन गरी सुशासन, विकास निर्माण तथा गरिवी न्यूनीकरणका लागि समुदायलाई नै उत्तरदायी बनाईनेछ ।
४. नागरिक सचेतना केन्द्र मार्फत सीमान्तकृत महिलाहरुको उत्थान र सशक्तिरणमा विशेष जोड दिईनेछ ।
५. आगलागी, बाढी, भुकम्प, महामारी जस्ता प्रकोपमा क्षति न्युनिकरण गर्न र प्रकोपको अवस्थामा उद्धार, राहत तथा पूर्नस्थापना जस्ता कार्यहरु गर्न प्रकोप ब्यवस्थापन योजना बनाई सरोकारवाला निकाय र समुदायसंग सहकार्य गरी कार्यक्रम गर्ने नीति अबलम्बन गरिनेछ ।
६. स्थानीय मेलमिलाप र मध्यस्थताको व्यस्थापन सम्बन्धी आवश्यक कार्य गरिनेछ ।
७. स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिईनेछ ।

***महिला, बालबालिका तथा अन्य लक्षित बर्ग***

१. विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२. बालमैत्री स्थानीय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिईने छ ।

३. बाल क्लब गठनलाई प्राथमिकता दिई बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धी कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरि बालमैत्री गाउँ तुल्याउने नीति अंगीकार गरिने छ ।

४. अपांगता भएका व्यक्तिहरुको सम्पर्क हुने सबै भौतिक संरचनालाई अपांगमैत्री बनाउदै लगिनेछ ।

५. जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विशेष जोड दिईने छ । ७० वर्ष माथिका प्रत्येक नागरिकलाई जाडो मौसम अघि न्यानो कपडा वितरण गरिनेछ ।

६. दलित एवं पछाडि परेको वर्गको हक अधिकारको प्रवर्द्धन एवं निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरण, क्षमता विकास सीप विकस एवं चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।

***कृषि विकास तथा सहकारी***

१. कृषि तथा पशु पालन क्षेत्रको विकासमा कृषक समुह, समिति, सहकारी, गैर सरकारी संस्थाहरुसँग साँझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।

२. गाउँ क्षेत्रका उर्वर भूमिलाई सिंचित गर्न सिचाँईको लागि आवश्यक व्यवस्था गरिनेछ ।

३. सहकारी सँस्था सम्बन्धी आवश्यक कानून एवं मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।

४. माटो परीक्षण विधी अवलम्बन गरि कृषिलाई वैज्ञानिक बनाइने छ ।

५. गाँउको उत्पादन बजारमा बजारीकरण गर्ने ।

६. आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिने छ । पशुपंछी पालन र कृषिमा आत्मनिर्भर हुने कार्यक्रमलाई अगाडी वढाइने छ ।

७. व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुरयाउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

८. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिइनेछ ।

कृषिलाई गरिबी न्युनिकरण संग सापेक्षमा राख्दै विभिन्न खालका कृषि संग सम्बन्धित तालिम, कृषि अवलोकन भ्रमण उत्पादन अभिवृद्धि अभियान कृषि शिविर सञ्चालन,कृषि विमा कार्यक्रम जस्ता विभिन्न गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गरी जनताको जीवन स्तरमा सधार ल्याउने प्रमुख नीति लिएको छु । आर्थिक, समाजिक, तथा शैक्षिक क्षेत्रको विकास र

सुधार, पुर्वाधारहरुको विकास, दिगो विकासको अवधारणा अनुरुप वातावरण संरक्षण तथा विपद् व्यवस्थापन , सस्थागत क्षमतामा सुदृढीकरण, प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गरी कुशे गाउँपालिकालाई देश कै  नमूना गाउँपालिकाको रुपमा विकास गर्ने मुल ध्यये लिएको छु ।

- ❖ शिक्षा मानव विकास गर्ने, मानवीय क्षमता प्रवर्द्धन गर्ने, रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गर्ने, राष्ट्र तथा समाजको हितको लागि व्यक्तिको योगदान बढाउने, प्रचलित कुप्रथा एवं कुसंस्कारको अन्त्य गरी सभ्य समाज निर्माण गर्ने एवं व्यक्तिमा स्व अनुशासन कायमगरी सामाजिक एकता एवं सदभाव कायम गर्ने महत्वपूर्ण माध्यम हो । कुशे गाउँपालिका क्षेत्र भित्र स्थापति रहेका विभिन्न शैक्षिक संस्थाहरुको गुणस्तर अभिबृद्धि गर्न आवश्यकताका आधारमा विद्यालय मर्ज गर्ने, शिक्षक तथा विद्यार्थीको विद्यालयमा नियमित उपस्थिति कायम गरी प्रभावकारी रुपमा गुणस्तरीय पठनपाठनको व्यवस्था मिलाउने, विद्यालयहरुलाई आधुनिक सूचना प्रविधि मैत्री बनाउन स्रोत तथा साधनको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गरी यस क्षेत्रको विद्यालय शिक्षाको पहुँच र गुणस्तर अभिबृद्धि गर्ने प्रमुख निती लिएको छु । प्रत्येक वडाहरुबाट एक नमूना विद्यालय छनोट गरि नमूना विद्यालय सञ्चालन गर्ने नीति लाई निरन्तरता दिइने छ।

- ❖ स्वास्थ्य, सरसफाई तथा खानेपानी आधारभुत मानवीय आवश्यकताका विषय हुन । यी विषयहरुलाई व्यवस्थित र गुणस्तरीय बनाउन यस कुशे गाउँपालिकाको सम्पूर्ण क्षेत्र भित्र विभिन्न रचनात्मक तथा प्रवद्धनात्मक कार्यक्रमहरु सञ्चालित गरिनेछ । यस गाउँपालिकाले लिएको एक घर एक करेसावारी तथा हरेक घर स्वस्थ्य घर नीतिलाई प्रभावकारी रुपमा अघि बढाउने छु । यस गाऊपालिकाको सवैलाई सहज हुने गरी गा.पा. केन्द्रमा स्वास्थ्य ल्याव को स्थापना गरिनेछ । आपतकालिन उपचारको सहजताको लागि गाऊपालिकाको लागि एक एम्बुलेन्सको ब्यवस्थाको लागि पहल गरिनेछ ।

- ❖ यस कुशे गाउँपालिकाको सम्पूर्ण वडाहरुमा मोटरबाटोको पहुँच स्थापति गरिनेछ । ठूला तथा बढि लगानीको सडकहरुको विकास तथा स्तरउन्नोतीको लागि विभिन्न दात्निकाय एवं संघ संस्थाहरु संग समन्वयमा कार्यक्रम सञ्चालन गर्न आवश्यक कदम लिने छु ।

- ❖ कृषि तथा पशुजन्य पेशालाई व्यवस्थित एवं आधुनिकीकरण गर्दै लगिने छ । यसको लागि कृषि बिउ, मल तथा किटनाषक औषधी सहित प्रत्येक वडामा एक प्राविधिक को व्यवस्था गर्ने नीति लिएको छ ।

- ❖ उद्योग क्षेत्रको विस्तारको लागि सम्भावित स्रोतको पहिचान तथा विकास गर्ने, खनिज तथा खानीजन्य पदार्थहरुको उत्खनन् एवं बजार विस्तारको लागि पहल गर्ने, पैठारी गरिने काईनेटिक, टुरमालिन क्वार्ज, गाईनेट, तथा सिलेट ढुङ्गा, लोक्ता खोटो लागायतका वस्तुहरुलाई करको दायरामा ल्याई ती बस्तुहरुको बजार खोजी गरी पैठारी गर्ने निती लाई निरन्तरता दिइने छ ।

- ❖ 'हाम्रो कुशे राम्रो कुशे' अभियान सहित यस गाउँपालिका क्षेत्र भित्र पर्यटन प्रवर्द्धन गर्न, पर्यटकीय क्षेत्रहरुको विकास तथा प्रचारप्रसार गर्न पर्यटकीय मार्गको विस्तार गर्ने तथा मौलिक कला,संस्कृति एवं प्राचिन महत्वका बस्तु तथा स्थानहरुको संरक्षण गर्ने निती लाई निरन्तरता दिइने छ
- ❖ प्रत्येक वडाहरुलाई जोड्ने सडक निर्माण गर्न तथा कुशे गाउँपालिकाका सम्पूर्ण क्षेत्र जोड्ने कुशे बाहिरी रिङरोडको निर्माण गर्नका लागि स्रोत तथा प्रविधिको खोजी गरिनेछ ।

- ❖ यूवाहरुलाई गाउँभित्रै रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गर्न स्थानीय सीप, स्रोत तथा साधनको प्रयोग गर्ने, कृषिमा व्यावसायीकरण गर्ने, उद्योग तथा व्यवसायको प्रबर्द्धन गर्ने, फलफूल तथा तरकारीखेतीमा आधुनिकीकरण एवं व्यवसायीकरण गर्ने गरी विभिन्न सीप विकास सम्बन्धी तालीम तथा कार्यक्रमको व्यवस्था गरी गरिबी न्यूनिकरण गर्ने निती लिएकोछु ।

## सेवा प्रवाह

१ . गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट दिईने सम्पूर्ण सेवाहरुलाई छिटो छरितो, भरपर्दो, गुणस्तरीय एवं नागरिक मैत्री बनाईनेछ । सेवालाई सूचना प्रविधि मैत्री बनाई विद्युतीय शासनको अवधारणा लागू गर्ने नीति लिएको छु ।

२. गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरु एवं विषयगत निकायका कर्मचारीको क्षमता विकास गर्न विभिन्न खाले तालीम एवं सीप विकास सम्बन्धी गोष्ठीहरु आयोजना गर्ने एवं अन्य निकायसगं समन्य गर्ने निती लिएकोछु ।

३. सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी एवं व्यवस्थित गरिनेछ । बैकिङ्ग सुविधा विस्तार नहुदाँसम्म प्रत्येक घरमा भत्ता वितरण कार्यक्रम लागु गरिनेछ भने बैकिङ्ग सेवा विस्तार पछि सुरक्षा भत्ता वितरण बैंक खाता मार्फत गर्ने व्यवस्था मिलाउन आवश्यक नीति लिएको छु ।

४. कुशे गाउँपालिकाका सम्पूर्ण क्षेत्र भित्र संचार सेवाको विस्तार गरिनेछ । मोवाईल एवं ईन्टरनेट सेवाको विस्तारको लागि आवश्यक पहल भईसकेकोछ । यसै आ.व. भित्र यी सेवाको विस्तार गर्न आवश्यक कार्य अघि बढाउने छु ।
५. केन्द्रिय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदानलाई मितव्ययी ढगंबाट प्रयोग गरिनेछ । उत्पादनमुखी तथा छोटो समयमा प्रतिफल प्राप्तहने खाले आयोजनाहरुको छनोट एवं कार्यान्वयन गरिनेछ । भ्रष्टाचार एवं अनियमितता अन्त्य गरी पारदर्शी प्रशासकीय कार्यविधि अपनाईनेछ । शसर्त अनुदानलाई तत निकायमा लगाई उनीहरुको खर्च पारदर्शी बनाउन अनुगमन तथा निरीक्षण गरिनेछ ।
६. कुशे गाउँपालिकाको सम्मूर्ण प्रशासनिक गतिविधिहरु, निणर्य प्रक्रियाहरु, एवं कार्यक्रमहरु पारदर्शी, सहभागितामुलक, जनमुखी, भ्रष्टाचार रहित एवं उत्पादनमुखी बनाईनेछ ।
७. कुशे गाउँपालिका वा मातहतका तथा अन्य विषयगत एवं सरकारी सेवा प्रवाहका जिम्मेवारी सबै असल तथा छिटो काम सम्मन्न गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने र खराव तथा आफ्नो काममा वेवस्ता गर्ने उपर दण्ड गर्ने निती लिईएकोछ । विषयगत निकायका कर्मचारी तथा गाउँपालिकाका कर्मचारी सबैमा कार्यसम्पादन सम्झौता गरिने छ ।
८. स्थानीय शान्ती सुरक्षालाई प्रभावकारी बनाउन सुरक्षा निकाय एवं सुरक्षा कर्मीहरुलाई चुस्त दुरुस्त एवं नागरिक मैत्री बनाईनेछ ।
९. यस गाउँपालिका भित्र समाहित भएका विषयगत निकायहरु जस्तो शिक्षा,स्वास्थ्य, खानेपानी, बन, कृषि, भेटेनरी लगायतकाहरुको काम कारबाही प्रभावकारी बनाउने नीति लिईनेछ । सम्पूर्ण निकायका काम कारबाही गाउँपालिकाको नीति अनुरुप बनाईने छ । गाउँपालिकाको निर्देशन,एवं नियमनमा सबै निकायले प्रदान गर्ने सेवालाई नागरिक मैत्री बनाईनेछ ।
१०. यूवा पूस्ताको क्षमता विकास गर्न विभिन्न सीप विकास सम्बन्धी तालीम कार्यक्रम संचालन गरिनेछ । स्थानीय उत्पादनहरु जस्तै मौरीपालन, माछापालन, तरकारी खेती,

सुन्तला अलैची, टिमुर, अदुवा, स्याउ तथा आँप खेती लगायतका अन्य सम्भावित क्षेत्रमा यूवा पुस्ता आर्कषण गर्न विभिन्न कार्यक्रमहरु संचालित गरिने छ ।

११. नवजात शिशु  तथा सुत्केरी आमाको स्वास्थ्य बलियो बनाउन गर्भवती बेलामा पोषणयुक्त खानेकुरा तथा नियमित स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाउने, युवतीहरुको स्वास्थ्यमा विशेष ध्यान दिन तथा परिवार नियोजन सम्बन्धी कार्यक्रम प्रत्येक वडाहरुमा संचालन गर्न नियमित प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने नीति लिएको छु ।

१२. महिला, आदिवासी जनजाती, बृद्ध बृद्धा, दलित जनजाती , उत्पिडित वर्ग, विपन्न एंव गरिव जनता आदिको संरक्षण एवं विकास गर्न सामाजिक न्यायको आधारमा स्रोत एवं सुविधाको समानुपातिक वितरणको व्यवस्था मिलाईने छ । वहिष्करण र बन्चितिकरणमा परेका सम्पूर्ण वर्ग क्षेत्र र तहका मानिसहरुलाई मुल प्रवाहिकरण गर्न शशक्तिकरण एवं क्षमता विकासको कार्यक्रम संचालित गरिने रणनिती लिएको छु ।

१३. उज्यालो नेपाल अभियानको प्रभावकारी कार्यान्वयन गर्न विद्युत क्षेत्रको विकास र विस्तार गरिने छ । विद्युत चुहावट नियन्त्रण गरिने छ । यस गाउँपालिका भित्र संचालित अधुरा साना तथा लघु जलविद्युत आयोजनाहरुलाई यसै वर्ष सम्पन्न गरी संचालनमा ल्याईनेछ । साथै स्थानीय स्तरका साना जलविद्युत उत्पादन तथा मझौला र ठुला जलविद्युत आयोजनाको निर्माण गाउँपालिकाको नीति अनूरुप गर्ने गरी व्यवस्था गरेको छु ।

१५.स्थानीय स्तरका लोपोन्मुख जाति, आदिवासी, जनजातिको भाषा, संस्कृति र सम्पदाको संरक्षण र विकासमा जोड दिईनेछ ।

१६. वातावरण तथा जलबायुमैत्री पुर्वाधार विकासमा जोड दिईनेछ । वनको वैज्ञानिक व्यवस्थापन गरि वनलाई आम्दानीको श्रोतको रुपमा विकास गर्न आवश्यक व्यवस्था गरिनेछ । साथै वन क्षेत्रको संरक्षणको लागि एक वडा एक नमूना सामुदायीक बन निर्माण कार्यक्रमलाई प्रोत्साहान गरिनेछ ।

१७. व्यक्तिको शारिरीक मानसिक तन्दुरुस्तीका लागि खेलकुद मनोरञ्जन र पर्यटनको आधारका रुपमा खेलकुद क्षेत्रको विकासका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१८. लैंगिक समानता, महिला सशक्तीकरण, तथा महिला सहभागिता वृद्धि गर्ने खालका कार्यक्रमहरुमा जोड दिईनेछ ।

१९. बैदेशिक रोजगारीमा गएका यूवाहरुको लगत संकलन गरिनेछ । हाम्रो बातावरण, सीप क्षमता, माटो आदि सुहाउदो गन्तव्य मुलुकहरुको खोजी गरिनेछ र बैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो र मर्यादित बनाई प्राप्त हुने विप्रेषणलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्ने गरी नीति लिईनेछ ।

२०. महिला, आदिबासी जनजाति, गरिव, विपन्न वर्ग, अपांग र जेष्ठ नागरिक केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिनेछ । अपागंहरुलाई क्षमता विकास कार्यक्रम सञ्चालन गरी आत्म निर्भर हुने व्यवस्था मिलाईनेछ ।

२१. स्थानीय तहको न्याय प्रणालीलाई स्वच्छ, सक्षम, पारदर्शी तथा जवाफदेही बनाउन आवश्यक संस्थागत संरचनागत नीतिगत व्यवस्था गरिने छ ।

२२. वालविवाह गर्ने परम्परालाई न्युनिकरण गरि समाजमा उत्पन्न हुने विभेद, उत्पीडन, शोषण तथा अन्यायको अन्त्य गरि सामाजिक न्याय र समानता कायम गरिनेछ ।
२३. कर प्रणालीमा व्यवस्थित, करका दरहरुमा सुधार, तथा करका दायरा फराकिलो पारी गाउँपालिकालाई श्रोत तथा साधनले सम्पन्न बनाउन आवश्यक रणनितिहरु तय गरेको छु ।
२४. आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस वर्षबाट बैशाख अन्त्य सम्ममा सम्पुर्ण आयोजना, योजना तथा कार्यक्रमहरु सम्पन्न गरी फरफारक गर्ने वातावरण मिलाईनेछ । यसकोलागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।
२५. यस कुशे गाउँपालिका क्षेत्र भित्रका विभिन्न आयोजनाहरु तथा अन्य सरकारीकारोवार हुने क्षेत्रमा काम गर्ने शिलसिलामा पेश्कि लिएको जो कोहीले पनि तुरुन्त पेश्कि फछ्र्यौट गर्नुपर्ने छ । यदि कसैको नाममा पेश्कि रहेछ र सो पेश्कि पछ्र्यौट गरिएको छैन भने निजलाई सम्पूर्ण सरकारी कारोवार एवं सुविधाबाट बन्चित गरिनेछ ।
२६. यस आ.व.२०७५।०७६ देखि कुनैपनि योजना, आयोजना, परियोजना तथा कार्याक्रम सञ्चालन तथा कार्यान्वयन गर्नको लागि काम नसकेसम्म पेश्कि रकम दिईने छैन । नितान्त प्राविधिक विषयमा पेश्कि दिनुपर्ने भएमा गाउँकार्यपालिकाको निर्णय अनुसार मात्र दिईनेछ ।
२७. कुशे गाउँपालिकालाई नेपालकै दुर्लभ वन्यजन्तु रेडपान्डा, कस्तुरी संरक्षित क्षेत्र बनाउन विषेश पहल गरिनेछ साथैकुशे पाटन शिकार आरक्ष स्थापनाबको लागि विषेश पहल गरिनेछ ।
२८. कुशे गाउँपालिका भित्र अतिक्रमण गरिएका सार्वजनिक स्थलहरुको नियन्त्रण गर्न भूमि व्यवस्थापन आयोग गठन गरी उक्त आयोगको प्रतिवेदनको आधारमा गाउँपालिकाले निर्णय लिने व्यवस्था मिलाएको छु ।
२९. कुशे गाउँपालिकामा सञ्चालित एक मात्र प्राविधिक तथा व्यावसायिक शिक्षा कुशे ५ मा रहेको विद्यालयलाई विषेश पहल गरिनेछ ।
३०. यस गाउँपालिका भित्रका सम्पूर्ण जनतालाई प्राथमिक उपचारबाट बञ्चित हुन नदिनको लागि स्वास्थ्य क्षेत्रमा विषेश ध्यान दिने गरी रणनीति तय गरेको छु ।
३४. कुशे गाउँपालिका अर्न्तगतका भैरमखाडा, चुकेडाडाँ, निपाने, बाङ्गाडाँडा, खानीखोला, व्याउली ढुङ्गा, जोड्नी, रातापाटन, टाँगे, बाग्लापाताल बन क्षेत्रलाई विषेश संरक्षित क्षेत्र बनाईनेछ ।

३५. बाढी नियन्त्रणको लागि एक वडा एक नर्सरी स्थापना गरी जोखिमयूक्त ठाउँमा विरुवा रोप्ने कार्यक्रम तय गरिनेछ । त्यसै गरी बाढी पहिरो हुने भुक्षय नियन्त्रण गर्न र जोखिमयूक्त बस्तीमा नदि खोला नियन्त्रणको लागि आवश्यक तटबन्ध निर्माण कार्यलाई प्राथमिकतामा राखेको छु ।

३६. पाँचकाटीय, ढिमे, पैंक, ब्याउली ढुङ्गा हुदैं जुम्ला जोड्ने भेरी–कर्णाली लोकमार्ग निर्माणका लागि केन्द्रिय सरकारसँग पहल गरी कुशे गाउँपालिकाको दीर्घकालीन विकासको आधार तथा जाजरकोट जुम्ला जोड्ने सबै भन्दा छोटो अन्तर जिल्ला सडक सञ्जाल विस्तार गरी आर्थिक विकासका लागि मुल रुपमा जोड दिने छु ।

३७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले सञ्चालन गर्ने आयोजना तथा कार्यक्मकहरु एकद्धार प्रणाली मार्फत गाउँ कार्यपालिकाको बैठकबाट पारित गरी गाउँ सभाबाट अनुमोदन गरेर गाउँपालिकाले तय गरेको नीति वमोजिम सञ्चालन हुने रणनीति लिएको छु ।

३८. जेहन्दार तथा अति विपन्न विद्यार्थीहरु एवं विगत जिल्ला स्थित कार्यालयबाट छात्रवृति मार्फत कुनै विद्यालय, विश्वविद्यालय तथा अन्य शैक्षिक संघ संस्थामा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृति कार्याक्मलाइ नियमित गरिने व्यवस्था गरेको छु ।

३९. यस कुशे गाउँपालिकाको समग्र क्षेत्रको विकासको लागि ३ वर्षे र ५ वर्षे अल्पकालिन र दीर्घकालिन गुरुयोजना बनाई लागु गर्ने छु ।

अन्त्यमा, नेपालको संविधान कार्यान्वयनमा सहयोग पुर्‍याउने सवै राजनितिक दल, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र लगायत सम्पुर्ण देशवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुतकर्ता

**हरिचन्द्र बस्नेत**

**अध्यक्ष, कुशे गाउँपालिका**

**मिति २०७५ आषाढ १०**

**धन्यवाद ।**